नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९] काठमाडौं, ज्येष्ठ ३१ गते २०२६ साल [अतिरिक्ताङ्क ७

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगको कार्यविधि नियमहरू, २०२६

राष्ट्रिय पञ्चायतका कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको सम्बन्धमा पर्न आउने उजुरीहरूको किनारा लगाउन नेपालको संविधानको धारा ३८ (२) मा भएको व्यवस्था अनुसार गठन गरिएको आयोगको कार्यविधि निर्धारण गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ३८ (२क) अनुसार देहायका नियमहरू बनाई बक्सेकोछः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगको कार्यबिधि नियमहरू, २०२६" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "सदस्य" भन्नाले राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा ३८(२) अनुसार श्री ५ बाट गठन गरिबक्सेको आयोग सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

३. आचरण सम्बन्धी उजुरीः– (१) कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको भनी उजुरी गर्ने व्यक्तिले थाहा भएसम्मको व्यहोरा खुलाई त्यस्तो उजुरी राजसभा सचिवालयमा पठाउनु पर्छ ।

(२) त्यस्तो उजुरी परेपछि सचिवले वास्तविक तथ्य संकलन गरी आयोगमा पेश गर्नेछ र आवश्यक परेमा उजुर गर्ने व्यक्तिको सनाखत समेत गराइनेछ ।

(३) उजुरी गर्ने व्यक्तिको नाम गोप्य राखिनेछ र उजुरी झुट्टा ठहरेमा त्यस्ता व्यक्तिको गोप्य रेकर्ड राखिनेछ ।

४. आयोगको कार्यबिधिः– (१) आयोगमा उजुरीहरू किनारा लगाउन आयोगले देहायबमोजिमको कार्यबिधि अपनाउनेछ–

(क) कुनै उजुरीको सम्बन्धमा छानबीन गरी आवश्यक भए सम्बन्धित सदस्य–लाई समेत बुझी उजुरी तथ्यहीन देखिन आएमा तामिलीमा राख्न सक्नेछ ।

(ख) खण्ड (क) अनुसार छानबीन गर्दा कुनै उजुरी तथ्ययुक्त देखिन आएमा सम्बन्धित सदस्यलाई लगाइएका आरोपहरू स्पष्ट खोली बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफ्नो सफाई प्रस्तुत गर्न सूचना दिनेछ र आयोगले मुनासिब ठहराएमा थप म्याद पनि दिन सक्नेछ ।

(ग) खण्ड (ख) अनुसार दिइएको म्यादभित्र सम्बन्धित सदस्यबाट आफ्नो सफाईको निमित्त प्रस्तुत हुन आएको सबुद प्रमाण र छानबीनबाट संकलन हुन आएका सबुद प्रमाण समेतबाट उजुरी प्रमाणित हुन आएमा आयोगले सम्बन्धित सदस्यका सम्बन्धमा आफ्नो पद अनुसारको आचरण गरेको छैन भन्ने ठहरेको प्रतिबेदन श्री ५ मा पेश गर्नेछ ।

(२) आयोगको ठहर सदस्यहरूको बहुमतद्वारा हुनेछ र आयोगको सबै सदस्यहरू उपस्थित न भै आयोगको बैठक हुनेछैन ।

(३) राजसभाको सचिवले आयोगको सचिव भै काम गर्नेछ र आयोगको बैठक साधारणतया राजसभा सचिवालयमा बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. आयोगको अधिकारः– (१) विचाराधीन रहेको उजुरीको सम्बन्धमा आयोगले वा आयोगले खटाएको व्यक्ति जुनसुकै सरकारी अड्डा अदालत, सरकारी कार्यालय, पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनका कार्यालय एवं सदस्य तथा पदाधिकारीलाई बुझ्न सक्नेछ र आवश्यक परेमा उजुरीसंग सम्बन्धित जुनसुकै कागज पत्र वा लिखत हेर्न वा मगाउन सक्नेछ।

(२) आरोप लागेको व्यक्तिलाई आयोग समक्ष उपस्थित गराइने, बयान गराउने, साछि प्रमाण बुझ्ने र लिखत दाखिल गराउने सम्बन्धमा आयोगलाई अदालतलाई भए सरहको सबै अधिकार प्राप्त हुनेछ।

(३) आयोगले आफ्नो अबहेलनामा कारवाइ चलाउन सक्नेछ र अबहेलना गरेको ठहराएमा बढीमा रू. ५००।– सम्म जरीवाना गर्न गरी आदेश दिन सक्नेछ त्यस्तो कुनै आदेशउपर कुनै अदालतमा उजुरी वा पुनराबेदन लाग्न सक्नेछैन।

हुकुम बक्सेबमोजिम
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव।

४९

आधिकारिक श्री ५ को सरकारले छापिनाका मुद्रिसपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।